# चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८०

चलचित्र तथा वृत्तचित्र जाँच सम्बन्धी कार्यमा एकरूपता कायम गरी पारदर्शी बनाउन तथा चलचित्र जाँच सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउन आवश्यक भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ७ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी चलचित्र जाँच समितिले यो कार्यविधि बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **"चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि चलचित्र जाँच समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अध्यक्ष" भन्नाले केन्द्रीय चलचित्र जाँच समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "इजाजत प्राप्त व्यक्ति" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम इजाजत प्राप्त गरेको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले चलचित्र जाँच सम्बन्धी कार्यविधि २०८० सम्झनु पर्छ।

(ङ) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको चलायमान चित्र सम्झनु पर्छ।

(च) "चलचित्र जाँच सम्वन्धी कार्य" भन्नाले प्रचलित कानुन बमोजिम इजाजत प्राप्त गरी निर्माण भएका स्वदेशी चलचित्र, वृत्तचित्र तथा पैठारी गरी ल्याइएका विदेशी चलचित्र, वृत्तचित्रहरूको सार्वजनिक प्रदर्शन गर्नुअघि जाँच गर्ने कार्यलाई सम्झनु पर्छ।

(छ) "प्रदर्शक" भन्नाले चलचित्र प्रदर्शन गर्न इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) "बोर्ड" भन्नाले चलचित्र विकास बोर्ड सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "निर्माता" भन्नाले चलचित्र निर्माण गर्न इजाजत प्राप्त व्यक्ति_सम्झनु पर्छ।

(ट) "नियमावली" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ सम्झनु पर्छ।

(ठ) "वितरक" भन्नाले चलचित्र वितरण गर्न इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले केन्द्रीय चलचित्र जाँच समितिको सदस्य र सो शब्दले अध्यक्ष र सदस्य सचिव समेतलाई सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले केन्द्रीय चलचित्र जाँच समिति भन्ने सम्झनु पर्छ।

(ण) "समितिको सचिवालय" भन्नाले मन्त्रालयको श्रव्य दृश्य तथा प्रसारण शाखालाई सम्झनु पर्छ।



CamScanner

३. **बैठक सम्बन्धी व्यवस्था :** (१) चलचित्र जाँच गरिने स्थान र समय समितिको अध्यक्ष वा निजले तोकेको अधिकारीले सबै सदस्यहरूलाई विशेष परिस्थितिमा बाहेक चलचित्र जाँच गर्नुभन्दा चौबिस (२४) घण्टा अगाडि जानकारी गराउनु पर्नेछ।

(२) समितिको बैठक चलचित्र जाँच गर्ने कार्य समाप्त हुने बित्तिकै अध्यक्षले तोकेको स्थानमा बस्नेछ।

(३) चलचित्र जाँच गर्दा कम्तिमा एकजना केन्द्रीय चलचित्र जाँच समितिका विज्ञ सदस्य हुनुपर्ने र बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिनेछ। सर्वसम्मत हुन नसके बहुमतबाट निर्णय गरिनेछ।

(४) बैठकको निर्णयानुसार तोकिएको प्रकृया पुरा गरिसकेपछि सम्भव भएसम्म सोही दिन र नभए दोस्रो दिन चलचित्र जाँच प्रमाणपत्र दिनु पर्नेछ।

(५) भाषाविज्ञ चाहिने चलचित्रको जाँच गर्दा भाषा विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(६) बैठकको माइन्यूट तथा सम्बद्ध कागजात समितिको सचिवालयले व्यवस्थित गरी राख्नु पर्नेछ।

४. **इजाजतपत्र जारी नहुने :** (१) चलचित्रमा प्रयोग भएका गीत सम्वाद तथा कथावस्तुमा नियतवश देहाय बमोजिमका सामग्री रहेको पुष्टि भएमा त्यस्तो चलचित्रलाई सार्वजनिक प्रदर्शनका लागि इजाजत दिइने छैन।

(क) नेपालको शान्ति, सुरक्षा र व्यवस्थामा खलल पुर्‍याउने,

(ख) मित्रराष्ट्रसँगको सु-सम्बन्धमा नकारात्मक असर पर्ने,

(ग) अदालतको अवहेलना हुने दृश्य तथा संवाद भएको।

**स्पष्टीकरणः** "अदालतको अवहेलना" भन्नाले अदालतप्रतिको गलत अभिव्यक्ति, व्यवहार, विद्यमान कानूनको गलत व्याख्या तथा अदालतलाई मानमर्दन हुने दृश्य तथा संवादहरूलाई सम्झनु पर्छ।

(घ) विभिन्न जातजाति, धर्म, वर्ग, वर्ण, लिङ्ग, समूदाय वा सम्प्रदाय बीचको सु-सम्बन्धमा नकारात्मक असर पर्ने वा धार्मिक, साँस्कृतिक र सामाजिक विचलन ल्याउने,

(ङ) नेपालको राष्ट्रिय हित विपरीतका दृश्य तथा सम्बाद भएका,

(च) कुनै व्यक्ति विशेष, पेशा, व्यवसायी, तथा संस्थाप्रति मानमर्दन हुने,

(छ) कुनै अपराध गर्न दुरुत्साहन गर्ने दृश्य तथा सम्वाद भएका,

(ज) बालबालिका माथि भएका वा गरेका हिंसा, जघन्य अत्याचार र निर्दयी व्यवहार झल्किने खालका दृश्य तथा सम्वाद भएका,

(झ) शारिरीक वा मानसिक रुपमा अशक्तता भएकाहरूलाई होच्याइएको, खिसी गरिएको, हिंसा गरिएको निर्दयीपूर्ण व्यवहार गरिएको दृश्य तथा संवादहरू भएका.

(ञ) पशुपंक्षी माथि गरिएको अनावश्यक निर्दयीपूर्ण जघन्य हिंसाका दृश्यहरू भएका,

(ट) लागू पदार्थ तथा मद्यपानका लागि उत्साहित तथा प्रेरित गर्ने नकारात्मक दृश्य तथा संवाद भएका,



CamScanner

(ठ) मानवीय संवेदना गुम्ने किसिमका नग्नता, बलात्कारका दृश्य, सम्भोगरत दृश्य, व्यवहार तथा नैतिकता प्रतिकूल हुने गरी प्रस्तुत गरिएका दृश्य तथा सम्वाद भएका,

(ड) सार्वजनिक सदाचार तथा नैतिकतामा प्रतिकूल प्रभाव पार्ने किसिमका द्विअर्थी शब्द, दृश्य तथा सम्वाद भएका,

(ढ) लैंगिक भेदभाव दर्शाउने र महिलावर्गलाई कुनै पनि दृष्टिकोणबाट होच्याइएका तथा आलोचना गरिएका दृश्य तथा सम्वाद भएका,

(ण) कुनै विषय वस्तुको खोज र आविष्कारलाई हतोत्साही गर्न प्रोत्साहित गरिएको, अवैज्ञानिक विषयवस्तुलाई प्रोत्साहित गरिएको तथा राष्ट्रिय स्वार्थ विपरितको सोच तथा व्यवहार प्रोत्साहित गरिएको दृश्य तथा सम्वाद भएका,

(त) जनताको शान्ति र सुव्यवस्था तथा अमनचैनमा नकारात्मक असर पार्ने दृश्य तथा संवाद भएका,

(थ) नेपालको मौलिक परम्परा, रितीरिवाज, चालचलन, मूल्य र मान्यतामा ह्रास आउने तथा सोको दुरुपयोग गरिएका दृश्य तथा संवाद भएका,

(द) यौन उत्तेजना बढाउने गरी ५ सेकेन्ड भन्दा बढी गरिएको भद्दा चुम्बन, यौनजन्य अस्वाभाविक क्रियाकलाप एवं व्यवहार, पुरुष या स्त्री जनेन्द्रीय प्रत्यक्ष वा पारदर्शी पोशाकवाट देखिने र त्यसलाई प्रयोग गरी यौन उत्तेजना बढाउने दृश्य तथा संवाद भएका,

(ध) मानव अधिकार उल्लङ्घन हुने गरी देखाइएको असह्य यातनाका दृश्य भएका,

(न) राष्ट्रिय गान, राष्ट्रिय चिन्ह, राष्ट्रिय अलङ्कारहरूको दुरुपयोग भएको वा गलत रूपमा प्रयोग भएका तथा इतिहास, भूगोल, राष्ट्रिय विभुती र शहिदहरूप्रति गलत व्याख्या गर्ने खालका दृश्य तथा संवाद भएका।

(२) समितिले उपदफा (१) को प्रतिकूल नहुने गरी आवश्यकता अनुसार चलचित्रको कुनै भागको काँटछाँट वा हेरफेर गरेर सार्वजनिक प्रदर्शन गर्न सकिने भए इजाजतपत्र दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र नदिने वा उपदफा (२) बमोजिम इजाजत दिने निर्णय गर्न अघि दरखास्तवालालाई आफ्नो विचार व्यक्त गर्ने मनासिव मौका दिनु पर्नेछ।

५. **चलचित्र जाँचको आधार :** चलचित्र जाँच समितिले चलचित्रको जाँच गर्दा देहायका आधारमा जाँच गर्नु पर्नेछ।

(क) चलचित्रले दर्शकलाई पार्ने समग्र प्रभाव,

(ख) चलचित्रमा देखाइएका दृश्य तथा सम्वादको मनसाय,

(ग) चलचित्रको मुख्य अवधारणा (Theme), प्रस्तुती शैली, उद्देश्य र त्यसले दिने सन्देश, समाजमा त्यस चलचित्रले पार्ने प्रभाव।

६. **प्रमाणपत्रको वर्गीकरण :** समितिले चलचित्रको विषयवस्तु सम्वाद तथा दृश्यका आधारमा चलचित्रलाई सार्वजनिक प्रदर्शन गर्न देहाय बमोजिमको लोगो अङ्कित प्रमाणपत्र दिनु पर्नेछ।



CamScanner

(क) **"U" (Universal) चिन्ह अङ्कित चलचित्र जाँच प्रमाणपत्र** :- कुनै शर्त तोकी वा नतोकी पारिवारिक रुपमा हेर्न उपयुक्त रहेको अथवा परिवारका सबै सदस्य (बालबालिका सहित) सँगै बसी वा बालबालिका एक्लैले पनि हेर्न सकिने दृश्य तथा सम्बाद भएका चलचित्रको लागि "U" अङ्कित प्रमाणपत्र दिइने छ।

(ख) **"PG" (Parental Guidance) चिन्ह अङ्कित चलचित्र जाँच प्रमाणपत्र** :- १६ वर्ष मुनिका उमेर समूहका बालबालिकाहरूले अभिभावक बिना हेर्दा बालबालिकाको मनोविज्ञानमा प्रतिकूल असर गर्ने दृश्य तथा सम्वाद भएका चलचित्रको लागि "PG" अङ्कित प्रमाणपत्र दिइने छ।

(ग) **"A" (Adult) चिन्ह अङ्कित चलचित्र जाँच प्रमाण पत्र** :- १६ वर्ष भन्दा माथिका वयष्क दर्शकहरूले मात्र हेर्न उपयुक्त हुने विषयवस्तु, दृश्य तथा संवाद भएका चलचित्रलाई "A" अङ्कित प्रमाणपत्र दिइनेछ।

(घ) **"S" चिन्ह अङ्कित चलचित्र जाँच प्रमाणपत्र** :- कुनै पेशा वा वर्गका दर्शकहरूले मात्र हेर्न उपयुक्त हुने विषयवस्तु, दृश्य तथा संवाद भएका चलचित्रलाई "S" अङ्कित प्रमाणपत्र दिइनेछ।

स्पष्टीकरण:

यस खण्डको प्रयोजनको लागि "पेशा वा वर्गका दर्शक" भन्नाले चिकित्सक, इन्जिनियर, कानून व्यवसायी जस्ता पेशामा आवद्ध दर्शकहरूलाई सम्झनु पर्छ।

७. **स्वयंले जाँच गर्ने (Self-Censorship) पद्दतिको विकास गर्नुपर्ने** : चलचित्रको जाँच, निर्माता वा निर्देशक स्वयंले जाँच गर्ने पद्धति (Self-Censorship) लाई प्रोत्साहित गर्ने उद्देश्यको लागि चलचित्र सम्बन्धित प्रचलित कानूनको पूर्ण पालना गर्दै प्रकरण नं. ४ मा उल्लेखित विषयहरूलाई चलचित्र निर्माता तथा निर्देशकले ध्यान दिई चलचित्र निर्माण तथा प्रदर्शन गर्नुपर्नेछ।

८. **महोत्सवमा प्रदर्शन गरिने चलचित्रको जाँच** : समितिले चलचित्र जाँच गरी प्रदर्शन गर्न अधिकार प्रत्यायोजन गरेको अवस्थामा वाहेक समितिबाट जाँच पास भएका चलचित्र मात्र महोत्सवमा प्रदर्शन गर्न पाइनेछ।

९. **चलचित्र जाँच गराउने व्यक्ति वा संस्था जिम्मेवार हुनुपर्ने** : चलचित्र जाँचको लागि निवेदन दिएपश्चात समितिले तोकेको समय र स्थानमा चलचित्र जाँच गराउनु पर्नेछ। समितिका सदस्यहरू चलचित्र जाँचको लागि उपस्थित भइसकेपछि विविध कारणले चलचित्र जाँच गराउन नसकेमा सो अवधिको सम्पूर्ण जिम्मेवारी चलचित्र जाँच गराउने व्यक्ति वा संस्थाले लिनुपर्नेछ।

१०. निर्माताले चलचित्रको प्रोमो वा टेलरको चलचित्र सम्बन्धी प्रचलित कानूनको पालना गरी स्वपरीक्षण गरी प्रचार प्रसार गर्नु पर्नेछ।

११. **अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तहरू** : चलचित्र जाँच अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका कुराहरू पालना गर्नुपर्नेछ।

(क) चलचित्रमा संशोधन गर्नुपर्ने भएको अवस्थामा पर्याप्त समयको लागि विशेष परिस्थिति बाहेक चलचित्र जाँच गराउने व्यक्ति वा संस्थाले चलचित्र प्रदर्शन हुनुभन्दा कम्तिमा ३ (तीन) दिन अगाडि केन्द्रीय चलचित्र जाँच समितिमा निवेदन दिनुपर्नेछ।



CamScanner

(ख) समितिले चलचित्रको जाँच गर्दा काँटछाँट गरेको वा हेरफेर गरेको वा शर्त बन्देजको पालना गर्न लगाएको चलचित्र तोके बमोजिम काँटछाँट गरेर वा हेरफेर गरेर वा शर्त बन्देजको पालना गरेर मात्र प्रदर्शन गर्नुपर्नेछ।

(ग) चलचित्रमा कुनै पेशा वा संस्थाको लोगो, पोशाक वा अन्य निजी सम्पत्तिको प्रयोग भएमा सम्वन्धितको पूर्व स्वीकृति लिई प्रदर्शन गर्नुपर्ने।

(घ) चलचित्रको प्रचार सामग्री, पोष्टर, शो कार्ड तथा प्रोमो समेतमा चलचित्रको वर्ग (Category) उल्लेख गर्नुपर्नेछ।

(ङ) धुम्रपान तथा मद्यपान गरेको दृश्यमा धुम्रपान/मद्यपान स्वास्थ्यको लागि हानिकारक छ भन्ने सन्देश राखु पर्नेछ। यसैगरी, निर्वाचन सम्बन्धी प्रकृया/विषयको प्रयोग भएको दृश्यमा निर्वाचन आचार संहिताको पर्णरूपमा पालना गरौं भन्ने सन्देश राखु पर्नेछ।

(च) लागू औषध प्रयोग गरेको दृश्यमा लागू औषधको प्रयोग गर्नु गैह्रकानूनी हो भन्ने सन्देश राखुपर्ने, जुवा तास खेलेको दृश्यमा 'जुवा तास खेल्नु सामाजिक अपराध हो" भन्ने सन्देश राखु पर्नेछ।

(छ) चलचित्रमा Disclaimer राखुपर्ने भएमा चलचित्रको शुरुमा राखु पर्नेछ।

(ज) चलचित्र प्रदर्शन पूर्व र मद्यान्तरमा नेपाली समाजमा सार्वजनिक हित प्रवर्द्धन हुने प्रकृतिका अधिकतम १ मिनेट समयवधिको सचेतनामूलक सन्देश अनिवार्य रुपमा नि:शुल्क प्रदर्शन गर्नु पर्नेछ।

१२. **चलचित्र प्रदर्शकले पालना गर्नुपर्ने शर्तहरु :** चलचित्र प्रदर्शकले देहाय बमोजिम कुराहरू पालना गर्नु पर्नेछः-

(क) समितिले चलचित्र जाँच प्रमाणपत्रमा काँटछाँट वा हेरफेर गर्न वा अन्य कुनै शर्त बन्देजको पालना गर्न उल्लेख भएमा सो बमोजिम भएका चलचित्रहरूमात्र प्रदर्शन गर्नुपर्नेछ।

(ख) चलचित्र प्रमाणपत्रमा उल्लेख गरिएको वर्गीकरण स्पष्ट देखिने गरी टिकट काउन्टरको बाहिर टास्नुपर्ने र U, P/G, A र S वर्गीकरण प्राप्त चलचित्रको प्रदर्शनमा निश्चित उमेर समूह, पेशा वा वर्गका दर्शकहरूले मात्र हेर्ने सुनिश्चितता गर्नुपर्नेछ।

(ग) प्रदर्शकले चलचित्र प्रदर्शन गर्नुभन्दा अगाडि चलचित्र जाँच समितिबाट प्राप्त चलचित्र जाँचपास प्रमाणपत्रको छायाँङ्कनप्रति पर्दामा देखाउनु पर्नेछ।

(घ) प्रदर्शकले चलचित्र जाँच समितिबाट जाँचपास गरेको चलचित्रलाई काटछाँट गरी प्रदर्शन गर्न पाइने छैन ।

१३. **अनुगमन गर्न सक्ने :** चलचित्र प्रदर्शनका बखत चलचित्र जाँच समितिले तोकेका शर्त वा बन्देजको पालना भए/नभएको विषयमा आवश्यक कुराहरू जाँचबुझ गर्न समितिका अध्यक्षले सदस्यहरू, चलचित्र विकास बोर्ड वा सम्बन्धित अन्य विज्ञहरूलाई स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाउने कार्यका लागि खटाउन सक्नेछ।

१४. **प्रदर्शनमा रोक लगाउने :** चलचित्रको अनुगमन गर्दा समितिले तोकेको शर्त वा बन्देजको पालना नगरेको पाइएमा त्यस्ता चलचित्र प्रदर्शनमा रोक समेत लगाउन सक्नेछ।



CamScanner

१५.  केन्द्रीय चलचित्र जाँच समितिको अध्ययन अनुसन्धान कक्ष व्यवस्था गर्न सकिनेछ।

१६.  **कार्यविधिमा संशोधन** : केन्द्रीय चलचित्र जाँच समितिले यस कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

१७.  **समितिको अधिकार** : चलचित्र जाँच गर्दा यस कार्यविधिमा उल्लेख भएको बाहेक अन्य विषयमा निर्णय गर्ने अधिकार समितिमा रहनेछ।

CamScanner